## मिति २०७६।०६।११ गतेको ६५ औं कार्यपालिका बैठकका निर्णयहरुः

१.वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक संचार सेट प्रयोग कार्यविधि,२०७६ प्राप्त राय सुझावलाई समेटि स्वीकृती गर्ने ।

२.यस नगरपालिकामा गत आर्थिक वर्ष मा आएको असिना पानी र बाढि बाट भएको क्षतीमा यस नगरपालिकाको चालु आर्थिक वर्ष को स्वीकृत विपद व्यवस्थापन शिर्षकबाट निम्नानुसार वडा कार्यालय सँग समन्वय गरि राहत रकम तथा बीउ बिजन उपलब्ध गराउने ।

निम्न :

क) बाढि तथा वर्षाद बाट पुर्ण क्षती भएका घरलाई रु.१५ हजार ।

ख) बाढि तथा वर्षाद बाट रु.१ लाख सम्म क्षती भएकालाई रु.५ हजार ।

ग) बाढि तथा वर्षाद बाट रु.५ लाख सम्म क्षती भएकालाई रु.१० हजार ।

घ) बाढि तथा वर्षाद बाट रु.१० लाख सम्म क्षती भएकालाई रु.१५ हजार ।

ङ) असिना पानिले क्षती पुर्‍याएको खाद्य बालीको बिउको ३० प्रतिशत बिउ उपलब्ध गराउने ।

च) वडा नं.१६ को रतन गौरा खानेपानी निर्माण गर्न रु.५० हजार ।

३.यस नगरपालिकाको प्रथम नगर योजना आर्थिक वर्ष २०७६।०७७ देखी २०८०।०८१ लाई विभिन्न विषयगत समितिहरु बाट प्राप्त सुझावहरु लाई समेटी भाषागत शुद्धाशुदी र ढाँचा समेत मिलाई प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने गरि स्वीकृत गरियो ।

४.यस नगरपालिकाको माग बमोजिम वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ को मासु बजार तथा हटिया बजार क्षेत्रमा निर्माण गरिने बहुउद्धेश्यीगं भवनमा नगर विकास कोष नेपालले आयोजना लगानी प्रक्रिया अगाडी बढाएको सर्न्दभमा उक्त आयोजनाका लागि आवश्यक रकम ऋण सहयोग स्वरुप उपलब्ध गराउन नगर विकास कोष समक्ष अनुरोध गर्ने साथै निर्माण हुने भवनको नाम कांकेबिहार बुलबुले बहुउद्धेश्यीय भवन कायम गर्दै आयोजना लगानी प्रकियाका लागि आवश्यक पर्ने कागजातहरु समयमै उपलब्ध गराउने ।

५.कर्णाली प्रदेश सरकारबाट जारि भएको सूचना बमोजिम यस नगरपालिकाका लागि निम्नानुसार परियोजना छनौट गरि स्वीकृतीका लागि कर्णाली प्रदेश सरकार संग अनुरोध गर्ने ।

क) मंगलगढि देखी गणेशचोक मुख्य बजार सडक सुधार वी.न.पा.६

ख) मगंलगढि कांकेबिहार सडक सुधार वडा नं.९

ग) ल्याल्डफिल साईट निर्माण वडा नं.१

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या६५मिति २०७६/०६/११
को निर्णय प्रमाणित ।

६.वीरेन्द्रनगर नगरपालिकाको बाल संरक्षण नीति २०७६ को मस्यौदा माथि आजको बैठकमा छलफल गरियो । छलफलका कममा प्राप्त राय सुझावहरुलाई समेटि भाषागत शुद्धाशुदि तथा ढांचा मिलाई प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

७.यस नगरपालिका भित्र निम्न स्थानमा UNDP संग सहकार्य गरेर लागत सहभागीतामा सार्वजनिक शौचालय निर्माणको प्रकिया अगाडी बढाउने ।

क) ढोडेखाली टेम्पोपार्क,वडा नं.१

ख) धुलियाबिट क्षेत्र,वडा नं.११

ग) बसपार्क मंगलगढि पार्क क्षेत्र,वडा नं.६

घ) बुलबुले गेट उत्तर,वडा नं.८

ङ) देउतीबज्यै क्षेत्र,वडा नं.१०

च) गढि क्षेत्र,वडा नं.१४

८.वीरेन्द्रनगर नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधि,२०७६ प्राप्त राय सुझावलाई समेटि स्वीकृती गर्ने ।

९.यस नगरपालिकाको महिला स्वरोजगार बहुउद्धेशियय भवन वी.न.पा.वडा नं.८ भित्र निर्माण गर्न महिला स्वरोजगार कार्यकम शिर्षकबाट लागत ईस्टिमेस्ट बमोजिमको रकम विनियोजन गर्ने ।

१०.वीरेन्द्रनगर वडा नं.७ र वडा नं.५ को कालिका मन्दिर जोड्न खारखोलीमा पक्की पुल र वडा नं.९ को टुनिनारा खोलाको पर्सेनी चांदनी चौकी पुल निर्माण गरिदिन स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग लाई अनुरोध गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ६५ मिति २०७६/०६/११
को निर्णय